# हेटौंडा उपमहानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
हेटौंडा, मकवानपुर
**बागमती प्रदेश, नेपाल**

**मिति २०८२।०२।१३ गते बसेको ६५ औं कार्यपालिका बैठकका निर्णयहरु:**

१) ६४ औं नगर कार्यपालिका बैठकबाट भएका निर्णयहरुको कार्यान्वयनका सम्बन्धमा समिक्षा गरियो ।

२) आर्थिक वर्ष २०८१/०८२ को मिति २०८२।०२।१२ गतेसम्म कुल अनुमान गरिएको आय तर्फ संघीय सरकारबाट प्राप्त अनुदान, प्रदेश सरकारबाट प्राप्त अनुदान र आन्तरिक श्रोत गरी ६७.०१ प्रतिशत अर्थात रु.१,९०,६१,१६,४४८।४२ आम्दानी गरिएको र कुल अनुमान गरिएको व्यय तर्फ ४९.६९ प्रतिशत अर्थात रु.१,४१,३५,७३,५५५।१० खर्च भएको आय व्ययको विवरण जनाकारी भयो ।

३) हेटौंडा उपमहानगरपालिकाको नगरसभाको १७ औं अधिवेशन देहायको मिति, समय र स्थानमा सञ्चालन गर्ने गरी आह्वान गर्ने:

देहाय:

मिति: २०८२/०३/१० गते मंगलबार

समय: बिहान: ७ बजे

स्थान: हेटौंडा उपमहानगरपालिकाको सभाहल, हेटौंडा-२

४) नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सडक विभाग, आयोजना निर्देशनालय (ए.डी.बी.) को पत्र संख्या PD-SHIP-PPC-२०८१/८२ च.नं. ८६७ मिति २०८२/०२/०४ को प्राप्त पत्रानुसार पूर्व-पश्चिम राजमार्ग पथलैया-हेटौंडा-नारायणघाट (१०० कि.मी.) सडक खण्ड स्तरोन्नती कार्यको वातावरणीय प्रभाव मुल्याङ्कन (Environment Impact Assessment-EIA) प्रतिवेदन तयारी तथा प्रस्ताव कार्यान्वयनको सिलसिलामा राय सुझाव माग भएकोले वातावरण संरक्षण नियमावली, २०७७ को नियम ८ को उपनियम (८) मा व्यवस्था भए अनुसार अनुसूची-१४ बमोजिमको ढाँचामा राय सुझाव सहितको सिफारिस उपलब्ध गराउने ।

५) हेटौंडा उपमहानगरपालिका १९ नं. वडा कार्यालयको च.नं. ३०३० मिति २०८२/०२/०७ गतेको प्राप्त पत्रानुसार सोही वडाका जग्गाधनीद्वय श्री पार्वती पाठक यादव र प्रितिका भेटवालको नाममा सम्मानित विभिन्न तहको अदालतको फैसला बमोजिम मालपोत कार्यालय मकवानपुरबाट दा.खा. भई आएको साविक वसामाडी गा.वि.स. वडा नं. २ को कि.नं. २७९१ को ज.वि. ०-०-८ र कि.नं. २७९० को ज.वि.०-०-८ जग्गा हेटौंडा उपमहानगरपालिकाको भूउपयोग क्षेत्र वर्गीकरण, २०७९ बमोजिम व्यवसायिक क्षेत्रमा परेकोमा उक्त जग्गा अंशवण्डा हुँदा किचलो भएको र उक्त जग्गाको लगभग २ मिटर मोहडा मुलसडकसँग जोडिएकोले सो जग्गा साँध मिलान बाहेक अन्य प्रयोजनको लागि उपयोग नहुने देखिएको हुँदा साँध मिलान गर्ने संधियारहरुको जग्गा आवासीय क्षेत्रमा परेकोले साँध मिलान गर्ने प्रयोजनको लागि उक्त कि.नं. २७९१ र २७९० को जग्गालाई व्यवसायिक क्षेत्रबाट आवासीय क्षेत्रमा संशोधन गर्नको लागि सम्बन्धित वडा कार्यालयको सिफारिस समेतको आधारमा उक्त कि.नं. २७९१ र २७९० को जग्गा व्यवसायिक क्षेत्रबाट आवासीय क्षेत्रमा संशोधन गर्ने र सो को जानकारी सम्बन्धित वडा कार्यालय मार्फत सम्बन्धित तालुक निकायमा गराउने ।

६) हेटौंडा उपमहानगरपालिकालाई आवश्यक देखिएको देहाय बमोजिमको कानून स्वीकृत गर्ने:

(क) हेटौंडा उपमहानगरपालिका आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका, २०८२

(ख) हेटौंडा उपमहानगरपालिका मेला, महोत्सव, प्रदर्शनी सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२

(ग) हेटौंडा उपमहानगरपालिका रोजगार सम्वाद मञ्च सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२

(घ) हेटौंडा उपमहानगरपालिका सञ्चित कोषको आन्तरिक लेखा परीक्षण सम्बन्धी कार्यविधि, २०८२ ।

सचिन न्यौपाने
(प्रवक्ता)

७) जिल्ला प्रशासन कार्यालय, मकवानपुरको च.नं. ४६२५ मिति २०८२/०२/०२ गतेको प्राप्त पत्रानुसार जिल्ला विपद् व्यवस्थापन समितिको मिति २०८२।०२।०१ गतेको बैठकको निर्णय नं. ५ मा हेटौंडा उपमहानगरपालिका वडा नं. ७ स्थित कि.नं. ५२७ को जग्गा वडा कार्यालयको नाममा भोगाधिकार प्राप्त गर्ने सम्बन्धमा सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७९ (संशोधन सहित) को दफा (४) बमोजिमको प्रकृया अगाडि बढाउनको लागि सम्बन्धित वडा कार्यालय र नगर कार्यपालिकाको कार्यालयबाट थप यकिन गर्ने निर्णय भएकोले सो सम्बन्धमा थप यकिन गर्नको लागि प्राविधिक खटाई यकिन गरी प्रतिवेदन लिए पश्चात सम्बन्धित निकायमा पठाउने।

८) मानवसेवा आश्रम (मानवता प्रवर्द्धन महाअभियान) को पत्र संख्या ४१७/०८१/०८२ मिति २०८२/०२/०१ गते हेटौंडामा मुख्य कार्यालय रहेको सेवाकेन्द्र वडा नं. ९ को कुखेनी सामुदायिक वनको खाली जमिनमा घर टहरा बनाएर सञ्चालन गरिरहेकोमा उक्त स्थानको जग्गाको भोगाधिकारको लागि जग्गा माग भई आएको सन्दर्भमा सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७९ को दफा (४) बमोजिमको प्रकृयाको लागि हेटौंडा उपमहानगरपालिका वड नं. ९ स्थित कुखेनी सामुदायिक वनको खाली जग्गा रहेको स्थानको जग्गाको भोगाधिकारको प्रक्रिया अगाडि बढाउन सम्बन्धित वडा कार्यालयको सिफारिस, सम्बन्धित सामुदायिक वन उपभोक्ता समितिको सहमति समेतको आधारमा मानवसेवा आश्रमलाई जग्गाको निःशुल्क लिजमा उपलब्ध गराउन सम्बन्धित निकायमा सिफारिस गर्ने ।

९) आगामी आर्थिक बर्ष २०८२/०८३ को लागि हेटौंडा उपमहानगरपालिकाको आन्तरिक आय संकलन गर्नको लागि विभिन्न शीर्षकमा आय ठेक्का लगाउनु पर्ने भएको हुँदा राजस्व परामर्श समितिबाट निर्णय भई आएको न्यूनतम अंकलाई आय ठेक्काको न्यूनतम अंक कायम गर्ने:

देहाय:

| सि.नं. | आय शीर्षकको नाम | आ.व. २०८१/०८२ को न्यूनतम ठेक्का अंक मु.अ.कर बाहेक रु. | आ.व. २०८१/०८२ को स्वीकृत ठेक्का अंक मु.अ.कर बाहेक रु. | आ.व.२०८२/०८३ को लागि न्यूनतम ठेक्का अंक मु.अ.कर बाहेक रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | पशु हाट सेवा शुल्क संकलन | ७,१५,०००।०० | ४८,८४,००४।०० | ७,१५,०००।०० | आ.व.०८१/८२ को न्यूनतम अंकलाई नै आ.व.०८२/८३ को लागि न्यूनतम अंक कायम गरिएको । |
| २ | कवाडीजन्य सामाग्री निकासी शुल्क संकलन | ६०,००,०००।०० | १,३४,६०,०००।०० | ६०,००,०००।०० | |
| ३ | विज्ञापन कर संकलन | २७,०७,०००।०० | ३५,८९,८२३।०० | २७,०७,०००।०० | |
| ४ | सार्वजनिक शौचालय प्रयोग शुल्क संकलन | २१,०१,०००।०० | २५,२३,०००।०० | २१,०१,०००।०० | |
| ५ | सडक पूर्वाधार मर्मत संभार शुल्क संकलन | ३,९१,९७,५५०।०० | ४,७५,००,०००।९९ | ३,९१,९७,५५०।०० | |
| | जम्मा | ४,२९,१४,०००।०० | ७,१९,५६,८२८।९९ | ४,२९,१४,०००।०० | |

शशिन न्यौपाने
(प्रवक्ता)

# हेटौंडा उपमहानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
हेटौंडा, मकवानपुर
बागमती प्रदेश, नेपाल

१०) हेटौंडा उपमहानगरपालिकाको सम्पूर्ण १९ वटा वडाका सम्पूर्ण स्वास्थ्य संस्थाले आ-आफ्नो वडाका पूर्णखोप सुनिश्चितता तथा सो को तयारी गत मिति २०८१ माघ महिनादेखि सुरु गरि सक्रिय पूर्वक कार्य गरि\गराई चालु आ.व. २०८१/०८२ मा पुर्ण खोप सुनिश्चितता निर्देशिका अनुसार सम्पूर्ण प्रकृया पूरा गरिएको तथा पालिकाबाट वार्डमा गरिएको नमूना सर्वेक्षण (RCS) बाट ३०० घरधुरी अनुगमन गर्दा समेत चुस्त दुरुस्त भएको पाइएकोले मिति २०८२/०२/०७ को स्वीकृत टिप्पणी अनुसार पुर्णखोप सुनिश्चितता/घोषणा वार्डहरु घोषणा गर्ने अनुमति दिइएको तथा जिल्ला खोप समन्वय समितिलाई त्यसै बमोजिम भेरिफिकेशन गरि पालिका प्रमाणीकरणगरि दिनु हुन अनुरोध गर्ने ।

११) नेपाल सरकारबाट संघीय शसर्त कार्यक्रम अन्तर्गत स्थानीय तहको साझेदारीमा मेगा किचनको स्थापना र सञ्चालन शीर्षकमा प्राप्त रकम रु.५० लाखबाट नगर शिक्षा समितिको मिति २०८१।१२।११ को निर्णयानुसार हेटौंडा उपमहानगरपालिका वडा नं.१७ स्थित श्री बालबोध मा.वि.मा मेगा किचन मार्फत दिवा खाजा व्यवस्थापन गर्ने र सो कार्यलाई व्यवस्थित गर्न बालबोध मा.वि हेटौंडा-१७ को विद्यालय व्यवस्थापन समितिको अध्यक्षको संयोजकत्वमा हेटौंडा-६ स्थित वंशगोपाल मा.वि., हेटौंडा-१६ स्थित जनप्रिय मा.वि., हेटौंडा-१८ स्थित ज्योति मा.वि. र गोरक्षनाथ मा.वि.का विद्यालय व्यवस्थापन समितिका अध्यक्ष सदस्य, श्री बालबोध मा.वि.का प्रधानाध्यापक सदस्य सचिव तथा सम्बन्धित विद्यालय हेर्ने विद्यालय निरीक्षक आमन्त्रित सदस्य रहने गरी मेगा किचन व्यवस्थापन समिति गठन गर्ने । साथै मेगा किचन स्थापना र सञ्चालन सम्वन्धी कार्यक्रम कार्य सञ्चलान निर्देशिका, २०८१ बमोजिम कार्य सञ्चालन गर्नका लागि संघीय सरकारबाट नमुना किचन सञ्चालनको लागि प्राप्त भएको रु.५० लाख श्री बालबोध मा.वि.लाई अनुदान निकासा उपलब्ध गराउने।

२।१४

सविन न्यौपाने
सविन न्यौपाने
प्रवक्ता
(प्रवक्ता)
हेटौंडा उपमहानगरपालिका
नगर कार्यपालिका

मिति २०८२/०२/१४